जि.प्र.का.द.नं. २८५५/०६८/०६९

# स्वतन्त्र पत्रकार संघ नेपालको
# विधान -२०६८

## स्वतन्त्र पत्रकार संघ नेपाल
केन्द्रीय कार्यालय
नयाँसडक, पोखरा

CamScanner

**प्रस्तावना**

नागरिकको सूचनाको हक, पूर्ण प्रेस स्वतन्त्रता, मानव अधिकार, लोकतन्त्र एवम् विधिको शासनको सम्मान गर्दै-'पत्रकारले प्रत्यक्षत: कुनै पनि बेला आफ्नो दलगत राजनैतिक आस्था प्रकट गर्नुहुदैंन' भन्ने महान् आदर्शबाट उत्प्रेरित भई स्वतन्त्र पत्रकारिताको प्रतिरक्षार्थ सिर्जनशील एवं श्रमजीवी पत्रकारहरूको हकहित, क्षमता अभिवृद्धि तथा वृत्ति विकासमा सघाउ पुऱ्याउन 'स्वतन्त्र पत्रकार संघ नेपाल' नामक संगठित संस्था स्थापना गरी सुचारूरूपमा सञ्चालन गर्नका लागि यो विधान तयार गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक कथन

**१) नाम र प्रारम्भ :**

क) संस्थाको नाम : यस संस्थाको नाम "स्वतन्त्र पत्रकार संघ नेपाल" रहनेछ।

ख) अङ्ग्रेजीमा संस्थाको नाम Independent Journalist Association of Nepal र छोटकरीमा IJA, Nepal रहनेछ।

ख) संघको कार्यालय : संघको प्रधान कार्यालय कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ८ मा रहनेछ।

ग) संघको कार्य क्षेत्र : यस संघको कार्यक्षेत्र नेपालभरि हुनेछ। क्रमश: देशका सबै जिल्लाहरूमा शाखा विस्तार गरिनेछ।

घ) प्रारम्भ : यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ।

ङ) समितिको अस्तित्व :

१, यो संघ अविछिन्न उत्तराधिकारीवाला संगठित मुनाफारहित विशुद्ध सेवामूलक पेशागत संस्था हुनेछ।

२, संघले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

३, संघले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सोही उपर पनि सोही नामबाट नालिस उजुरी लाग्नेछ।

४, संघले आफ्नो हक अधिकारको प्रयोग गर्दा अर्काको हक अधिकारको हनन् गर्ने छैन।

**२) परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) "विधान" भन्नाले स्वतन्त्र पत्रकार संघ नेपालको विधान-२०६८ लाई सम्झनु पर्दछ।

ख) “संघ” भन्नाले ‘स्वतन्त्र पत्रकार संघ नेपाल’ लाई जनाउनेछ।

ग) “स्वतन्त्र पत्रकार” भन्नाले मानव अधिकार विरुद्धका कुनै पनि हस्तक्षेप स्वीकार नगर्ने एवम् निष्पक्ष रुपमा समाचार संकलन, सम्पादन तथा सम्प्रेषण गर्ने स्वाधीन पत्रकारलाई जनाउने छ।

घ) “कार्य समिति” भन्नाले यस विधानको परिच्छेद-४, दफा १३ बमोजिम गठनभएको समितिलाई सम्झनु पर्दछ।

ङ) “सभा” भन्नाले ‘स्वतन्त्र पत्रकार संघ नेपाल’को यस विधानको दफा ११ बमोजिम बनेको साधारण सभा र विशेष साधारणसभालाई समेत जनाउनेछ।

च) “सदस्य” भन्नाले यस संघका सबै प्रकारका सदस्यलाई जनाउनेछ।

छ) “पदाधिकारी” भन्नाले कार्य समितिका पदाधिकारीलाई सम्झनु पर्दछ।

ज) “नियम, विनियम” भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियमहरूलाई जनाउनेछ।

झ) “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउनेछ।

ञ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले प्रस्तुत विधान र यस विधान अन्तर्गत बनेको नियम विनियसमा तोकेको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

ट) “स्थानीय निकाय” भन्नाले गाउँ विकास समिति/महानगर/उपमहानगर/नगरपालिका र जिल्ला विकास समितिलाई जनाउनेछ।

ठ) “कोष” भन्नाले यस विधानको दफा १९ बमोजिमको कोषलाई जनाउनेछ।

ड) “कार्यालय” भन्नाले यस संघको कार्य सञ्चालन हुने कार्यालयलाई जनाउनेछ।

ढ) ‘पार्षद’ भन्नाले संघको जिल्ला शाखाबाट केन्द्रीय साधारणसभाका लागि चयन भएका पदाधिकारीहरूलाई जनाउनेछ।

## ३) समितिको छाप र चिन्ह :-

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसूची- १ बमोजिमको हुनेछ। तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रकृयाद्वारा तुरून्त संशोधन गरिनेछ।



CamScanner

परिच्छेद (२)

उद्देश्य

**४) 'स्वतन्त्र पत्रकार संघ नेपाल'को उद्देश्य :**

यस संघको निम्न बमोजिम उद्देश्य रहनेछन् :-

क) 'स्वतन्त्र पत्रकार संघ नेपाल' मुनाफारहित, जनहितकारी विशुद्ध पेशागत संस्था हुनेछ।

ख) स्वस्थ, स्वच्छ र स्वतन्त्र रूपमा यथार्थ तथा तथ्यपरक सूचना प्रवाह गरी व्यवसायिक पत्रकारिताको वातावरण सिर्जना गर्ने।

ग) कुनै पनि लिङ्ग, वर्ग, धर्म, संस्कृति, सम्प्रदाय, जनजाति, भाषाभाषी, राजनैतिक विचारधाराप्रति पूर्वाग्रह नराखी समतामूलक समाज निमार्णमा सहयोग पुऱ्याउने।

घ) श्रमजीवी पत्रकारहरूको हकहित, सीप विकास, क्षमता अभिवृद्धिका लागि प्रशिक्षण तथा वृत्ति विकासमा सघाउ पुऱ्याउने रचनात्मक कार्यहरू गर्ने।

ङ) लोकतन्त्रको संस्थागत विकास एव समुन्नत समाजको निर्माणमा योगदान पुऱ्याउने।

च) सञ्चार संस्था एव पत्रकारहरूको सुरक्षा तथा संरक्षणको लागि आवश्यक कार्यहरू गर्ने।

छ) पत्रकारहरूको लागि सम्मान, पुरस्कार, उपचार तथा सहयोग कोषको स्थापना गर्ने।

ज) तालिम, अध्ययन, अवलोकन भ्रमण, गोष्ठी, सभा, सम्मेलन आदि कार्यहरू गर्ने।

झ) सामाजिक सद्भाव र सहअस्तित्व स्थापनार्थ भूमिका निर्वाह गर्ने।

ञ) मुखपत्र प्रकाशन गर्ने।

**५) संघको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :-**

यस संघले उपरोक्त उद्देश्य प्राप्ति गर्न देहायका कामहरू गर्नेछ।

क) संघले प्रचलित नेपाली कानुनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र उपरोक्त उद्देश्य प्राप्त गर्नेछ।

ख) संघलाई आवश्यक पर्ने भवन निर्माण गर्नेछ वा भाडामा लिनेछ र कम्प्युटर, टेलिफोन, फ्याक्सजस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

ग) संघलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका सर्तहरू निर्धारण गर्नेछ।

घ) संघमा प्राप्त रकम बैंकमा जम्मागरी बैंक खाता सञ्चालन गर्नेछ।

ङ) यस संघले स्थानीय निकायसँग समन्वय गरी काम गर्नेछ।

## परिच्छेद-३
## सदस्यता

**६) सदस्यताको वर्गिकरण** :

"स्वतन्त्र पत्रकार संघ नेपाल" को सदस्य देहायबमोजिमका हुनेछन् :-

क) साधारण सदस्य :

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली पत्रकारले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरी सदस्यता प्राप्त गरेका व्यक्ति संघको साधारण सदस्य बन्नेछन्। यस्तै दफा ७ बमोजिमको योग्यताको प्रकृया यसै विधानको दफा ६-(क) (ख) र (ग) का सदस्यतामा पनि लागु हुनेछ।

ख) विशिष्ट सदस्य :

"स्वतन्त्र पत्रकार संघ नेपाल" को लागि विशेष आर्थिक तथा भौतिक सहयोग गर्ने विधानको दफा ७ बमोजिम योग्यता पुगेको व्यक्ति वा संघ, संस्थालाई विशिष्ट सदस्यता प्रदान गर्न सकिनेछ।

ग) मानार्थ सदस्य :

पत्रकारिताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिलाई तोकिएको प्रक्रिया अन्तर्गत मानार्थ सदस्य प्रदान गर्न सकिनेछ।

घ) संस्थापक सदस्य :

तदर्थ समितिका पदाधिकारी तथा सदस्य र विधान मस्यौदा समितिका संयोजक एवम् सदस्यहरू संस्थापक सदस्य मानिनेछन्।

**७) सदस्यता प्राप्तिका निम्ति आवश्यक योग्यता** :

यस संघको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

क) यस विधानको परिच्छेद ३ दफा ६ ले व्यवस्था गरेको सबै प्रकारका सदस्यताका लागि १८ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्ने छ तर मानार्थ सदस्य र विशिष्ट सदस्यका हकमा नेपाली नागरिक हुनै पर्ने बाध्यता रहने छैन।

ख) प्रवेशिका उत्तीर्ण गरी एक वर्ष भन्दा बढी क्रियाशील रूपमा पत्रकारिता गरेको वा पाँच वर्ष भन्दा बढी क्रियाशील भएर पत्रकारिता गरेको वा स्वतन्त्र पत्रकार संघ, नेपाल स्थापनाको लागि योगदान पुऱ्याएको।

(ग ) सम्बन्धित सञ्चार संस्थाबाट सदस्यताको लागि सिफारिस भई आएको।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरिएको।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको।

(च) कुनै पनि राजनैतिक पार्टीमा संलग्न नभएको।



CamScanner

## ८) सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :

देहायका व्यक्ति संघको सदस्य वहाल रहने छैनन् :-

क) गैर नेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेको,

ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहर भएको,

च) नैतिक पतन देखिने भ्रष्टाचारमा सजाय पाएको,

छ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट सजाय पाएको,

ज) कुनै पनि राजनीतिक दल वा तिनका भातृसंगठनको सदस्यता लिएको प्रमाणित भएमा,

झ) सदस्यता शुल्क बुझाउन बाँकी रहेको वा समयमा नवीकरण नगरेको।

## ९) सदस्यताको समाप्ति

१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य बहाल रहने छैन:-

क) यस विधानको दफा ८ बमोजिम सदस्य पद प्राप्त गर्न नसक्ने भएमा।

ख) साधारण सभाको दुई तिहाइ सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा।

घ) संघको काम कारवाही बदनियत पूर्वक गरेको कुरा अदालतबाट प्रमाणित भएमा।

ङ) यस विधान बमोजिम संघले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा।

छ) नियमित दुई वर्ष भन्दा बढी पत्रकारितामा क्रियाशील नरहेमा।

ज) कुनै पनि राजनीतिक दल वा तिनका भातृसंगठनको सदस्यता लिएको प्रमाणित भएमा।

झ) संघ विघटन भै खारेज भएमा।

२) कुनै व्यक्ति संघको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहर गर्नु भन्दा अघि संघद्वारा निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिइनेछ।

## १०) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

१) **मानार्थ सदस्य** : स्वतन्त्र पत्रकार संघ नेपालको केन्द्रिय कार्य समितिले

आवश्यक तथा उचित ठानेमा २५ वर्ष पत्रकारिताको क्षेत्रमा कार्यरत रही विशेष योगदान पुऱ्याएका पत्रकारहरूलाई कदरस्वरूप मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ र यो सदस्यता वार्षिक नवीकरण गर्नु पर्ने छैन। मानार्थ सदस्यलाई उम्मेदवार हुने र मताधिकार रहने छैन।

२) **विशिष्ट सदस्य** : विशिष्ट सदस्य बन्न चाहने व्यक्ति वा संस्थाले अनुसूची २ अनुसारको आवेदन फारम भरी कार्य समितिमा बुझाउनु पर्नेछ। यसरी प्राप्त आवेदनमा कार्य समितिले अनुमोदन गरेपछि रू. १,००,०००/- (रू. एक लाख) वा सो भन्दा माथिको नगद रकम वा जिन्सी सहयोग प्रदान गरेर यस संघको विशिष्ट सदस्यता प्राप्त गर्न सक्नेछन्। विशिष्ट सदस्यता नवीकरण गर्नु पर्ने छैन। विशिष्ठ सदस्यलाई उम्मेदवार हुने र मताधिकार रहने छैन।

३) **साधारण सदस्य** : साधारण सदस्य बन्न ईच्छुक व्यक्तिले अनुसूची २ अनुसारको आवेदन फारम भरी प्रवेश शुल्क बापत रू) १००/-र वार्षिक शुल्क बापत रू १००/- गरी जम्मा रू २००/- बुझाई तोकिएको प्रकृयाअनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ। साधारण सदस्यले प्रत्येक वर्षको आषाढ मसान्तसम्ममा वार्षिक नवीकरण शुल्क रू) १००/- बुझाएर सदस्यता नवीकरण गराइ सक्नु पर्नेछ।

४) सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेको नियम विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ।

५) संघले प्रदान गरेको परिच्छेद-३ दफा ६, उपदफा ८ बाहेकका सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ।

## परिच्छेद ४
## साधारण सभा, कार्यसमिति तथा बैठक सम्बन्धि व्यवस्था

### ११) साधारण सभाको गठन :

साधारण-सभा "स्वतन्त्र पत्रकार संघ नेपाल"को सर्वोच्च निकाय हुनेछ। यसको गठन देहाय बमोजिम हुनेछ :-

१) यस विधानको दफा ७ बमोजिम सदस्यता प्राप्त गर्ने सदस्यहरूबाट समितिको साधारण सभा गठन हुनेछ। मानार्थ सदस्य र विशिष्ठ सदस्य आमन्त्रित हुनेछन्, साधारण सभा संघको सर्वोच्च निकाय हुनेछ।

२) यस संघको साधारण सभा देहाय बमोजिम हुनेछन्।

क) वार्षिक साधारण सभा वर्षको एक पटक वार्षिक साधारणसभा बस्नेछ।

ख) विशेष साधारण सभा : समितिको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरूले कारण जनाइ विशेष साधारण सभा माग गरेमा कार्यसमितिले ७ दिन भित्रमा अनिवार्य रूपमा विशेष साधारण सभा बोलाउनु पर्नेछ। तर साधारण सभा र विशेष साधारण सभा बसेको ६ महिना भित्र पुन: विशेष साधारण सभा बस्न सक्ने छैन।

३) यस समितिको प्रथम वार्षिक साधारण सभा स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गरिनेछ।

४) साधारण सभाका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगाडि सभा हुने स्थान, मिति, समय र छलफलका विषय समेत खोली सबै साधारण सदस्यलाई पत्रद्वारा जानकारी दिनुपर्नेछ।

५) दफा-११, उपदफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुन: साधारण सभा बोलाइनेछ।

६) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ।

## १२) साधारण सभाको काम, कर्तव्य र अधिकार :

साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्।

क) कार्यसमितिले पेश गरेको योजना कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने।

ख) लेखा परिक्षकबाट प्राप्त भएको वार्षिक लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित वेरूजु रकमहरू माथि छलफल गरी नियमित गर्न मिल्ने बेरूजु रकमहरू असुल उपर गरी फछ्र्योट गर्नका लागि कार्य समितिलाई आवश्यक निर्देशन दिने।

ग) आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र समितिको बार्षिक आम्दानी खर्चको अनुमानित बजेट पारित गर्ने।

घ) संघको वार्षिक कार्य प्रगति विवरण र समितिले गरेको कार्यहरूको मुल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने तथा “स्वतन्त्र पत्रकार संघ नेपाल” को नीति निर्माण गर्ने, निर्धारण गर्ने।

ङ) संघको कार्य समितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरूको विधान बमोजिमको प्रकृया अन्तर्गत रही निर्वाचन गर्ने।

च) प्रस्तावना र "स्वतन्त्र पत्रकार संघ नेपाल" को उद्देश्य पूर्तिका निमित्त संघको विधानको परिधिभित्र रही कार्य समितिबाट पेश भएका विधान संशोधन गर्ने, नियम तथा विनियम स्वीकृत गर्ने, समिति उपसमितिहरू गठन गर्ने।

छ) संघको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरूको दरवन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरूको आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने।

## १३) कार्य समितिको गठन :

१. संघको जिल्ला शाखामा जिल्ला कार्य समिति र केन्द्रमा केन्द्रीय कार्य समिति हुनेछ।

२. जिल्लाका न्यूनतम् ९ जना वा सो भन्दा बढी पत्रकारले संघसँग आवद्धता जनाई शाखा खोल्न माग गरेमा केन्द्रीय समितिले शाखा खोल्न अनुमति दिन सक्नेछ।

३) जिल्ला कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसहित ९ सदस्यीय कार्य समिति हुनेछ। कार्य समितिका सदस्यहरूमध्ये महिला, जनजाति, मधेसी र दलितबाट १/१ जनाको प्रतिनिधित्व हुनेछ। यसैगरी केन्द्रमा प्रतिनिधित्वका लागि प्रति पाँचजना साधारण सदस्यका बीच एक जनाका हिसाबले पार्षद चयन हुनेछन्।

४) शाखाबाट चयन भएका पार्षदहरू केन्द्रीय साधारण सभाको सदस्य हुनेछन्। जिल्ला कार्यसमितिका अध्यक्ष स्वत: केन्द्रीय साधारण सभाको सदस्य हुनेछन् तर केन्द्रीय कार्य समितिमा उमेद्वार हुन पाइनेछैन। कम्तीमा सातवटा जिल्ला कार्यसमिति गठन भएपछि केन्द्रीय साधारण सभा गरी केन्द्रीय कार्य समिति चयन गरिने छ।

५) अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्षसमेत गरी कुल १५ देखि २१ सदस्यसम्मको केन्द्रीय कार्यसमिति रहने छ। समितिका सदस्यमध्ये महिला, दलित, जनजाति र मधेसीबाट १/१ जनाको प्रतिनिधित्व हुनेछ। त्यसैगरी सदस्यमध्ये पाँच क्षेत्रबाट १/१ जना क्षेत्रीय संयोजक चयन हुनेछन्।

६) "स्वतन्त्र पत्रकार संघ नेपाल" को साधारण सदस्यहरूको एक व्यक्ति एक मतका आधारमा जिल्ला कार्य समिति र जिल्लाबाट चयन भएका पार्षदहरूबाट केन्द्रीय कार्यसमिति गठन हुनेछ।

७) जिल्ला कार्य समिति तथा केन्द्रीय कार्यसमिति प्रत्यक्ष निर्वाचन कार्यक्रमसहित गोप्य मतदानका आधारमा चयन हुनेछ।

८) दफा-१३ को उपदफा (१), (२), (३), (४), (५), (६) र (७) मा जुन सुकै



CamScanner

कुरा लेखिएको भएतापनि समितिको विधान स्वीकृति भएपछि केन्द्रीय कार्य समितिको प्रथम निर्वाचन नभएसम्म हाल कायम रहेको तदर्थ समितिका पदाधिकारीहरूनै निर्वाचित भए सरह मानिनेछन्।

९) कार्य समितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ।

१०) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेका कुनै सदस्यको सदस्यता रिक्त हुन आएमा बाँकी अवधिको लागि कार्य समितिका सदस्यहरूको मनोनित कार्यसमितिद्वारा गर्न सकिनेछ। यसरी सो पद निर्वाचित भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ। तर अन्य पदहरूको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाबाट वा कार्य समितिको बैठकमा छलफल तथा समझदारीबाट निर्णय गरी पदपूर्ति गरिनेछ।

११) कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ। तर कार्य समितिका पदाधिकारीहरूको जम्मा संख्याको ६०% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले तुरून्त बैठक बोलाउनु पर्दछ।

१२) कार्य समितिका पदाधिकारीहरूको कुल ६०% पदाधिकारीहरू उपस्थित नभई कार्य समितिको बैठक बस्ने छैन।

१३) कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। तर निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ। उपाध्यक्ष पनि अनुपस्थित रहेको अवस्थामा बैठकमा उपस्थित पदाधिकारीहरूमध्येमा सबैभन्दा ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

१४) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ।

१५) कार्य समितिको बैठकमा छलफल भएको विषयहरूको निर्णय छुट्टै किताबमा लेखि राखिनेछ। सो निर्णय विवरणमा बैठकमा उपस्थित सबै सदस्यहरूले सही गर्नु पर्नेछ। निर्णयमा असहमत जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्नेछ।

१६) माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्य सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ। उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठक निर्णय सरह मानिने छ।

## १४) कार्य समितिको काम, कर्तव्य र अधिकार :

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।



CamScanner

क) साधारण सभाप्रति उत्तरदायी भएर साधारण सभाको नीति, निर्देशन तथा निर्णयहरू कार्यान्वयन गर्ने।

ख) समितिको चल-अचल सम्पत्तिको संरक्षण गर्ने। बैंकमा खाता खोल्ने र सञ्चालन गर्ने।

ग) समितिको प्रगति विवरण र आउँदो वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट राखी साधारण सभामा पेश गर्ने।

घ) हरेक बर्ष लेखा परीक्षण गरी संस्थाको आय-व्यय पारदर्शी रूपमा राख्ने।

ङ) कार्यालयको आवश्यकतानुसार कर्मचारीहरूको सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई कर्मचारी नियुक्त गर्ने, निजहरूलाई बर्खास्त गर्ने तथा उनीहरूको सेवा-शर्त तथा पारिश्रमिक तोक्ने।

च) कार्य समितिको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने।

छ) संघको उद्देश्य प्राप्तिका लागि आफ्नो कार्यकालमा उपयुक्त बढिमा ७ सदस्य रहेको सल्लाहकार समिति तथा अन्य समिति, उपसमितिहरूको गठन गर्ने र आवश्यकता अनुसार कामको बाँडफाँड गरी समितिको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

## १५) पदत्याग गर्न सक्ने र हुने अवस्था :

१) अध्यक्षले उपाध्यक्षका नाममा र अन्य अरू पदाधिकारीले अध्यक्षका नाममा दिइएको लिखित राजिनामा स्वीकृत भएमा।

२) साधारण सभाले वा विशेष साधारण सभाको बहुमतले अविश्वासको प्रस्ताव पारित गरेमा।

३) बिना सूचना वा जानकारी कार्य समितिको बैठकमा लगातार ३ पटक सम्म अनुपस्थित भएमा।

(यस्ता सदस्यलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिनेछैन।)

४) मृत्यु भएमा।

५) संघ एवं कार्यसमितिलाई आँच पुऱ्याउने खालको कार्य गरेको प्रमाणित भएमा।

६) फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा।

७) असामान्य रूपमा शारीरिक वा मानसिक अशक्तता रहेमा।

## १६) अन्य समितिहरू :

क) यस विधानको परिधिभित्र रहेर संघको कार्यसंञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरू गठन गर्न



CamScanner

सक्नेछन् तर साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ।

ख) विभिन्न समिति तथा उप-समितिहरूको कार्यहरू कार्य समितिले तोकि दिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## काम, कर्तव्य र अधिकार

**१७) पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको काम, कर्तव्य, अधिकार :

१) कार्य समितिको बैठक तथा साधारण सभा र समितिद्धारा आयोजित कार्यक्रमको अध्यक्षता गर्ने।

२) सचिवसँग सल्लाह गरेर सचिवलाई बैठक बोलाउन निर्देशन दिने।

३) बैठकमा मत बराबर भएमा निर्णायक मत प्रदान गर्ने। कार्य समितिका र अन्य सदस्यहरूले संस्थाको हित अनुकुल कार्य गरे-नगरेको निरीक्षण गरी आवश्यक परेमा निर्देशन दिने।

४) कार्य समितिमा अध्यक्षको हैसियतले दुई सदस्यहरू मनोनित गर्ने।

५) साधारण सभाद्वारा पारित निर्णयहरू कार्यान्वयन गर्ने/गराउने, अभिलेख प्रमाणित गर्ने।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्य सञ्चालन गर्ने।

२) अध्यक्षको काम-कारवाहीलाई सहयोग गर्ने।

३) संघको हित अनुकुल विधान र कार्यसमितिले तोकेको अन्य कार्यहरू गर्ने।

ग) महासचिव र सचिवको काम, कर्तव्य र अधिकार :

१) अध्यक्षसँग सल्लाह गरेर अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने, प्रतिवेदन तयार पार्ने।

२) कार्य समितिको अभिलेख, सदस्यहरूको कार्य मूल्याङ्कन, अभिलेख लगायत संस्थाका अन्य नीतिगत कुराहरूको संरक्षण गर्ने र निर्णयहरू कार्यान्वयन गर्ने।

३) संघको हित अनुकुल हुने गरी विधान र कार्य समितिले तोकेका अन्य कार्यहरू गर्ने।

घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

१) संघको आर्थिक पक्षको विकासको लागि क्रियाशील हुने, साधारण



CamScanner

सभामा संस्थाको आय-व्ययको प्रतिवेदन प्रस्तुत गर्ने।

२) समितिको कोष संचालन गर्ने, आय-व्ययको हिसाव दुरूस्त राख्ने, नियमित वार्षिक लेखा परिक्षण गराउने।

३) कार्य समितिले तोकेका अन्य कार्यहरू गर्ने।

च) सदस्यको काम, कर्तव्य र अधिकार:

१) कार्य समितिको कामलाई कार्यान्वयन गर्न सक्रिय सहयोग पुऱ्याउने।

२) समितिको प्रत्येक क्रियाकलापमा सहभागी भएर रचनात्मक सहयोग गर्दै समितिले तोकेका अन्य कार्यहरू गर्ने।

**१८) गणपुरक संख्या :**

१) कुल सदस्य संख्याको ६०% साधारण सदस्यहरूको उपस्थिति नभइ साधारण सभाको काम कारबाही हुनेछैन। साधारण सभाको गणपूरक संख्या कूल सदस्य संख्याको ६०% मानिनेछ।

२) पहिलो बैठक ६०% सदस्य उपस्थित हुन नसकी अवरूद्ध भएमा दोस्रो पटक बोलाईनेछ। दोस्रो पटक पनि ६०% सदस्यहरू उपस्थित हुन नसकेको अवस्थामा ७ दिन भित्रमा तेस्रो पटक साधारण सभा बोलाई उपस्थित सदस्यसंख्यालाई गणपूरक संख्या मानि विधिवत सभा सञ्चालन गरिनेछ।

## परिच्छेद ( ६ )
## आर्थिक व्यवस्था

**१९) संस्थाको कोष :**

१) संघको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू जम्मा हुनेछ।

क) स्थापित अक्षयकोषको व्याज, प्रवेश शुल्क, सदस्यता शुल्क र वार्षिक शुल्कबाट प्राप्त रकम।

ख) स्वदेशी तथा विदेशी संघ, संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोग वापत प्राप्त अनुदान र सहायता रकम।

ग) संघको आफ्नै चल अचल सम्पत्तिको विक्री एवं परिचालनबाट प्राप्त हुन आउने रकम।

घ) कसैले इच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम।

ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम।

च) संघको उद्देश्य अनुरूप आयोजना गरिएको समारोह, कार्यक्रम



CamScanner

आदिबाट प्राप्त रकम।

२) दफा १९ उपदफा १ अनुसार संघलाई प्राप्त रकम दुई किसिमको कोष खडा गरी बैंकमा जम्मा गरिनेछ।

क) **अक्षय कोष** : मूल धन नमासिने गरी बैंकमा अक्षयकोष खडा गरिनेछ। सोबाट प्राप्त ब्याज रकम संघको उद्देश्य परिपूर्तिका लागि खर्च गरिनेछ।

ख) **दैनिक कार्यसम्पादन कोष** : समितिको दैनन्दिनी कार्य सञ्चालनका लागि अक्षय कोषबाट प्राप्त ब्याज र अन्य शुल्क तथा सहयोगबाट प्राप्त केही रकम दैनिक कार्य सम्पादनका लागि बैंकमा बचत खाता खोली जम्मा गरिनेछ।

३) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए समितिले नेपाल सरकार समाज कल्याण परिषद्बाट पूर्व स्वीकृत लिइनेछ।

४) संघलाई प्राप्त रकम स्थानीय बैंकमा जम्मागरी बैक खाता सञ्चालन गरिनेछ।

## २०) खाता सञ्चालन :

क) समितिको नाउँमा विभिन्न बैंकहरूमा खोलिने खाताहरू अध्यक्ष र सचिवमध्ये एकजनाको र कोषाध्यक्षको अनिवार्य गरी २ जनाको हस्ताक्षरबाट सञ्चालन गरिनेछ।

ख) संघको आर्थिक वर्ष प्रचलित ऐनले व्यवस्था गरे बमोजिम हुनेछ।

ग) अक्षय कोष सञ्चालनका लागि दफा २० (क) अनुसारका तीनैजनाको दस्तखत अनिवार्य हुनेछ।

## २१) कोषको रकम खर्च गर्ने तरिका :

संघको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ।

क) संघको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्चगर्न सकिने छैन।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिन रही कोषबाट रकम खर्च गर्न सकिनेछ।

ग) कोषबाट खर्चभएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य पेश गर्नु पर्नेछ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ।



CamScanner

**२२) संस्थाको लेखा र लेखापरीक्षण :**

क) समितिको आय-व्यय हिसाव प्रचलित कानूनले तोके बमोजिमको ढाँचामा कोषाध्यक्षको रेखदेखमा दुरूस्त राखिनेछ।

ख) समितिको लेखापरिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आफैं वा मातहतका कर्मचारीहरू खटाई संघको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ।

घ) लेखापरिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ। तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ।

परिच्छेद (७ )

निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धि व्यवस्था

**२३) निर्वाचन सम्वन्धि व्यवस्था :**

क) कार्यसमितिको निर्वाचन प्रयोजनका लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा कम्तिमा निर्वाचनको ७ दिन अगाडि गठन गरिनेछ।

ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ र निर्वाचन प्रकृयाबाट कार्यसमितिको गठन गर्नेछ।

ग) निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।

घ) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वत: विघटन हुनेछ।

**२४) उम्मेदवार हुने योग्यता :**

कार्यसमितिको उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

क) यस विधानको परिच्छेद ३, दफा-७ का प्रकृया पुरा गरेको।

ख) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको।

ग) कम्तिमा १८ वर्ष उमेर पुगेको।

घ) मानसिक सन्तुलन नगुमाएको।

ङ) प्रचलित ऐन कानुनले दोषी नठहऱ्याएको।



CamScanner

च) संघको उद्देश्यप्रति बफादार रहेको।

छ) अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष पदका उमेद्‌वारका लागि संघको कार्यसमितिमा सदस्य रही एक कार्यकाल पुरा गरेको हुनुपर्ने छ। संघको पहिलो कार्यसमितिको निर्वाचनको हकमा भने यो नियम लागू हुने छैन।

**२५) अविश्वासको प्रस्ताव :**

१) अविश्वासको प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारी विरूद्धमा हो स्पष्ट खुलाई देहायबमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ।

क) प्रस्ताव नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्दछ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्दछ।

ग) साधारण सभा सदस्यहरू मध्येबाट कम्तीमा १/४ (एक चौँथाई) सदस्यहरूको प्रष्ट नाम, थर र ठेगानासहित खुलाई सही भएको हुनुपर्छ।

२) दफा २५ उपदफा १ बमोजिम संघमा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकि समितिको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ।

३) अविश्वासको प्रस्तावमाथि छलफलको प्रकृया :

क) साधारण सभामा अंध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा दफा-२५, उपदफा १ बमोजिम प्रस्तुत भएको प्रस्ताव पेश गर्न अनुमति दिनेछ। प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ।

ख) दफा-२५, उपदफा ३-(क) बमोजिम अविश्वास प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्ताव पेश गरेपछि सो प्रस्ताव उपर मत राख्न चाहने बढिमा ३ जना सदस्यलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।

ग) दफा-२५, उपदफा ३-(ख) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू विरूद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो सफाइ पेश गर्ने अवसरका लागि अनुमति दिइने छ।

घ) अध्यक्षको नाममा अविश्वासको प्रस्ताव आएमा सो प्रस्ताव उपरको छलफलमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। अध्यक्ष, उपाध्यक्ष दुवै वा सम्पूर्ण कार्य समितिकै नाममा अविश्वासको प्रस्ताव आएमा त्यस्तो प्रस्तावको छलफल बैठकमा उपस्थित "स्वतन्त्र पत्रकार संघ नेपाल" को ज्येष्ठ सदस्यको अध्यक्षतामा गरिनेछ।

४) अविश्वासको प्रस्ताव माथिको निर्णय :

क) अविश्वासको प्रस्ताव माथि आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको बहुमत पक्ष वा विपक्षमा को कति छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासका प्रस्तावको निर्णयको घोषणा गर्नेछ।

अ) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने समूह छुट्याएर वा

आ) साधारण सभाको सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष विपक्षमा गोप्य मतदान गराएर

ख) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाइ) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ। त्यसरी प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्ति वा सदस्यहरू पदमुक्त हुनेछन्।

ग) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो सदस्य उपर पुन: अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन।

घ) अविश्वासको प्रस्तावका बारे माथि जे भनिएको भएता पनि वा अविश्वासको प्रस्ताव लिखित रूपमा आइसकेता पनि पक्ष विपक्षका बीच सहमतिय वातावरण बन्न सकेको अवस्थामा अविश्वासको प्रस्तावउपरको कारबाही समझदारीमा रद्द गर्न सकिनेछ।

**२६) विधान संशोधन :**

क) संघको मूल उद्देश्य र भावना विपरित हुने गरी विधान संशोधन गर्न पाइनेछैन।

ख) कूल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरूले अनुमोदन गरे पश्चात्मात्र संघको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष शिफारिस गरि पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात् मात्र समितिको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।



CS CamScanner

**२७) नियम बनाउन सक्ने :**

क) संघले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराए पछि लागू हुनेछ। र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ।

ख) यो विधान र विधान अन्तर्गत बनेका नियमको अधिनमा रही समितिको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धि विनियम बनाई लागू गर्न सक्छ। त्यस्तो विनियमहरू साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

**२८) कर्मचारी व्यवस्था :**

संघको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

**२९) संघ खारेज :**

१) साधारण सभाले अनावश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संघ खारेजी गर्न सक्नेछ।

२) उपदफा १ बमोजिम संघ खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरू र समितिको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरू नियुक्ति गर्न सक्नेछ।

३) दफा-२९, उपदफा २ बमोजिम लिक्विडेटर र लेखा परिक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिएबमोजिम हुनेछ।

४) यसरी कारणवस संघ विघटन भई खारेज भएमा संघको दायित्वको फरफारक गरी बाँकी रहेको सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ।

**३०) व्याख्या :**

यो विधान र विधान अन्तर्गत बनेका नियम विनियमको व्याख्या गर्ने र भै परिआउने बाधा अड्चन फुकाउने अधिकार कार्य समितिलाई हुनेछ।

**३१) गोप्यता भङ्ग गर्न नहुने :**

१) यस संघका कुनै पनि पदाधिकारी वा सदस्यले समितिको अहित हुने कार्य गर्न हुने छैन। कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरूले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाइने छैन।



CamScanner

२) कार्य समितिको बैठकमा भएका कतिपय गोप्य राख्नुपर्नेकुराहरू वा समितिका साधारण सदस्यहरू वा पदाधिकारीहरू बीच बैमनश्यता फैलिने किसिमको टिकाटिप्पणी वा अनर्गल प्रचारप्रसार गर्न हुने छैन।

**३२) ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुराहरू कानुन बमोजिम हुनेछ र विधानमा उल्लेख भएका कुराहरु संस्था दर्ता ऐन नियम र प्रचलित कानूनसँग बाझिएको हद सम्म स्वत: निस्कृय हुनेछ।

**३३) निर्देशनको पालना :**

१) नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संघको कर्तव्य हुनेछ।

२) संघको कुनै कृयाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र अन्तराष्ट्रिय संघ संगठनको सम्बन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीति को बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा गरिने छैन।

**३४) तदर्थ समिति :**

१) यो संघ विधिवत दर्ता भएपछि दर्ता गराउनका लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समिति गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ। सोको जानकारी स्थानीय अधिकारीलाई दिनेछ।

२) प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा तदर्थ समितिले गरेका कामकारवाहीहरू यसै विधान सरह भएको मानिने छ।



CS CamScanner

**३५. हामी 'स्वतन्त्र पत्रकार संघ नेपाल' का निम्न पदाधिकारीहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीहरूको रोहवरमा विधानमा सही छाप गर्दछौं ।**

| क्र.सं. | संस्थापकको नाम, थर र ठेगाना | फोन नं. | साक्षीको नाम, थर, ठेगाना र सही छाप |
|---|---|---|---|
| १. | नाम : कृष्णप्रसाद बास्तोला<br>पद : अध्यक्ष<br>ठेगाना : पोखरा-११, कास्की<br>दस्तखत : | ०६१-५३१२०० | नाम : नारायण कार्की<br>ठेगाना : पोखरा-८, कास्की<br>दस्तखत : |
| २. | नाम : भक्तबहादुर आले<br>पद : उपाध्यक्ष<br>ठेगाना : बेलघारी-१, सिंधुली<br>दस्तखत : | ९८४६११९४२५ | नाम : यज्ञप्रसाद बास्तोला<br>ठेगाना : पिठौली-२, नवलपरासी<br>दस्तखत : |
| ३. | नाम : कमलप्रसाद पौडेल<br>पद : सचिव<br>ठेगाना : विचारीचौतारा-६, स्याङ्जा<br>दस्तखत : | ९७४६००६४३८ | नाम : माधवप्रसाद घिमिरे<br>ठेगाना : लेखनाथ-३, कास्की<br>दस्तखत : |
| ४. | नाम : मोहनकुमार विष्ट<br>पद : सहसचिव<br>ठेगाना : खलङ्गा-९, सल्यान<br>दस्तखत : | ९८५६०२४५५६ | नाम : रामचन्द्र बराल<br>ठेगाना : आर्वाविजय-२, कास्की<br>दस्तखत : |
| ५. | नाम : शीलादेवी गुरुङ<br>पद : कोषाध्यक्ष<br>ठेगाना : चित्रे-५, पर्वत<br>दस्तखत : | ९८४६०२८५९८ | नाम : पूर्णचन्द्र घिमिरे<br>ठेगाना : जामुने-७, तनहूँ<br>दस्तखत : |
| ६. | नाम : प्रेमबहादुर नेपाली<br>पद : सदस्य<br>ठेगाना : पोखरा-५, कास्की<br>दस्तखत : | ९८४६०२७७७५ | नाम : वसन्ती बास्तोला<br>ठेगाना : खैरेनीटार-७, तनहूँ<br>दस्तखत : |
| ७. | नाम : ऋषिराम बराल<br>पद : सदस्य<br>ठेगाना : आर्वाविजय-४, कास्की<br>दस्तखत : | ९८४६०२३७७३ | नाम : गुप्तप्रसाद शर्मा<br>ठेगाना : आरुखर्क-६, स्याङ्जा<br>दस्तखत : |
| ८. | नाम : कृष्णबहादुर थापा<br>पद : सदस्य<br>ठेगाना : पोखरा-८, कास्की<br>दस्तखत : | ९८४६०२०९९८ | नाम : प्रकाशचन्द्र सापकोटा<br>ठेगाना : हेमजा-७, कास्की<br>दस्तखत : |
| ९. | नाम : दुर्गा अधिकारी<br>पद : सदस्य<br>ठेगाना : पोखरा-७, कास्की<br>दस्तखत : | ९८५६०३१५६१ | नाम : कमल पराजुली<br>ठेगाना : पोखरा-४, कास्की<br>दस्तखत : |
| १०. | नाम : मनोज घर्तीमगर<br>पद : सदस्य<br>ठेगाना : वनकटवा-९, बाँके<br>दस्तखत : | ९८४६०८५८५० | नाम : राजेश पराजुली<br>ठेगाना : पोखरा-४, कास्की<br>दस्तखत : |
| ११. | नाम : रुवी बास्तोला<br>पद : सदस्य<br>ठेगाना : लेखनाथ-८, कास्की<br>दस्तखत : | ९८४६४५३३६९ | नाम : हरिप्रसाद भट्टराई<br>ठेगाना : अर्मला-६, कास्की<br>दस्तखत : |

विधान मस्यौदा समिति

१. संयोजक - नारायण कार्की  २. सदस्य - माधवप्रसाद घिमिरे  ३. सदस्य - पूर्णचन्द्र घिमिरे



CamScanner

# अनुसूची - १

## छाप र चिन्ह

१. स्वतन्त्र पत्रकार संघ नेपालको छाप : कलमको घेरा भित्र INDEPENDENT JOURNALIST ASSOCIATION OF NEPAL लेखिएको, मध्य भागमा नेपालको नक्सा, नक्सा भित्र IJA-NEPAL लेखिएको, त्यसको माथि तीन वटा परेवा उडेको, नेपालको नक्सा तल Pokhara र Estd. 2068 लेखिएको हुनेछ।

२. स्वतन्त्र पत्रकार संघ नेपालको चिन्ह : कलमको घेरा भित्र निलो छायाँमा INDEPENDENT JOURNALIST ASSOCIATION OF NEPAL लेखिएको, मध्य भागमा नेपालको नक्सा, नक्सा भित्रको हरियो छायाँभित्र IJA-NEPAL लेखिएको, त्यसको माथि तीन वटा परेवा उडेको, नेपालको नक्सा तल Pokhara र Estd. 2068 लेखिएको हुनेछ।



CS CamScanner

# स्वतन्त्र पत्रकार संघ नेपाल

केन्द्रीय कार्यालय-पोखरा

## सदस्यताको लागि आवेदन फाराम

मिति : .....................

**श्रीमान् अध्यक्षज्यू**

**स्वतन्त्र पत्रकार संघ नेपाल**

..................... शाखा।

विषय : सदस्यता पाऊँ।

**महोदय,**

स्वतन्त्र पत्रकार संघ नेपालको विधानबमोजिम म त्यस संस्थाको साधारण सदस्य बन्न इच्छुक भएकोले यो आवेदन गरेको छु। मेरो व्यक्तिगत विवरणसहितको निम्न लिखित कागजपत्रहरुको प्रतिलिपि र दुईप्रति हालै खिचिएको फोटो यसैसाथ पेश गरेको छु।

१. नेपाली नागरिकताको प्रमाणपत्र-प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्र-प्रतिलिपि
३. पत्रकारितामा तालिम वा अनुभवको प्रमाणपत्र प्रतिलिपि
४. संलग्न संस्थाबाट प्राप्त परिचयपत्र प्रतिलिपि

| सिफारिस गर्ने सदस्यको | निवेदक |
|---|---|
| दस्तखत: | दस्तखत : |
| नाम: | नाम : |
| सदस्यता नं. | ठेगाना : |
| फोन नं. | फोन नं.: |



CamScanner

# स्वतन्त्र पत्रकार संघ नेपाल
## व्यक्तिगत विवरण फाराम

| | |
|---|---|
| १ | नाम: |
| २ | प्रचलित नाम: |
| ३ | जन्म मिति : |
| ४ | जन्म स्थान : |
| ५ | स्थायी ठेगाना : |
| ६ | अस्थायी/हालको ठेगाना : |
| ७ | फोन/मोबाइल नं.: |
| ८ | रक्त समूह : |
| ९ | पिताको नाम : |
| १० | माताको नाम : |
| ११ | पति/पत्नीको नाम : |
| १२ | आफ्नो शैक्षिक योग्यता : |
| १३ | प्राप्त तालिम : |
| १४ | सञ्चार क्षेत्रमा काम सुरु गरेको मिति : |
| १५ | काम सुरु गरेको सञ्चार संस्था : |
| १६ | संलग्न सञ्चार संस्था : |
| १७ | पद : |

इमेल ठेगाना :

| निवेदकको |
|---|
| दस्तखत : |
| मिति : |

"पत्रकार बन्नु त स्वतन्त्र बन्नु
स्वतन्त्र नै हो पत्रकार भन्नु"

**स्वतन्त्र पत्रकार संघ नेपाल**

**Independent Journalist Association of Nepal**

**केन्द्रीय कार्यालय**

नयाँसडक, पोखरा

CamScanner